घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ३९औं बैठकको निर्णयहरु

मिति २०८१।१०।२९

घरपझोङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जोमसोम, मुस्ताङ गण्डकी प्रदेश, नेपाल

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।९।२८ गते बसेको ३८औं बैठकमा ५ वटा निर्णयहरु भएकोमा सबै निर्णयहरुको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाईयो । करारमा कार्यरत कर्मचारीहरुको करार म्याद थप, २ वटा कार्यक्रमहरुको भुक्तानी, स्याउ/ओखर पकेट विकास कार्यक्रमको लागि समूह छनौट र खेलग्राम पूर्वाधार निर्माण घरपझोङ गाउँपालिका-२, मार्फाको कार्यान्वयनमा देखिएको दुविधालाई स्पष्टपारी निर्माण कार्य अघी बढाउने निर्णयहरु भएका थिए ।

**प्रस्ताव नं. २ :-**

आ.ब. २०८२।८३ को लागि सङ्घीय विशेष तथा सङ्घीय समपूरक योजना प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. २ :-**

राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाण्डौको मिति २०८१।१०।१६ गतेको प्रकाशित सूचना बमोजिम आ.ब. २०८२।८३ को लागि सङ्घीय विशेष अनुदान तथा सङ्घीय समपूरक अनुदान तर्फ तपसिल बमोजिमका योजनाहरुलाई प्राथमिकताको आधारमा समावेश गरिदिनु हुनका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

१) सङ्घीय विशेष अनुदान तर्फ :

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | जोमसोम गाउँको भित्री सडकहरुमा ढल निकास तथा खानेपानी पाईपलाईन व्यवस्थापन गर्ने | घरपझोङ गाउँपालिका, ४ नं. वडा (साविक जोमसोम गाविस वडा नं. ५,६, र ७) | |
| २ | वालमैत्री स्थानीय शासन सूचकमा आधारित कार्यक्रम सञ्चालन गर्ने | घरपझोङ गाउँपालिकाका ५ वटै वडाहरु | |
| ३ | कैसाङ खोला ठिनी सिंचाई योजना | घरपझोङ गा.पा. ५ नं. वडा | |

२) सङ्घीय समपूरक अनुदान तर्फ :

| प्राथमिकताक्रम | योजना तथा कार्यक्रमको नाम | सञ्चालन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | मार्फामा कालीगण्डकी नदी तट्बन्धन योजना (नारध्यूङ देखि फार्म खोला सम्म कालीगण्डकी नदीमा तट्बन्धन) | घरपझोङ गाउँपालिका, २ नं. वडा, मार्फा | |
| २ | स्याङ गाउँ भित्र छपनी ढुङ्गा बिछ्याउने | घरपझोङ गाउँपालिका, ३ नं. | |

निर्णय प्रमाणित।
०८१।१०।२९

| | | | |
|---|---|---|---|
| | तथा मर्मत) | वडा स्याङ | |
| ३ | छैरो बेली बृज देखि पक्की पुल भएर रिङ्गरोड निस्कने सडक निर्माण | घरपझोङ गा.पा. १ नं. वडा छैरो | |

**प्रस्ताव नं. ३ :-**

बसपार्क व्यवस्थापन कार्यविधि सम्बन्धमा ।

**निर्णय नं. ३ :-**

घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन गर्ने सम्बन्धी प्रस्ताव गरिएको कार्यविधि, २०८१ उपर गहन छलफल भयो । प्रस्ताव गरिएको कार्यविधिमा गाउँ कार्यपालिकाका सदस्यज्यूहरुले अझै गहन अध्ययन गरी आगामी बैठकमा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

गाउँसभा सञ्चालन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

घरपझोङ गाउँपालिकाको १५औं गाउँसभा आगामी २०८१ साल फागुन २२ गते सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो र सोही अनुसार आवश्यक व्यवस्थापन गर्नका लागि कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

भगिनी सम्बन्ध सम्बन्धी ।

**निर्णय नं. ५ :-**

यस गाउँपालिकाको अनुरोध बमोजिम पोखरा महानगरपालिकाले भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धी निर्णय गरि जानकारी दिएको साथै व्यास नगरपालिका, दमौली र लिम्चुङबुङ गाउँपालिका, बाराहा, उदयपुरले यस गाउँपालिका सँग भगिनी सम्बन्ध कायम गर्न ईच्छुक भई अनुरोध गरेको हुँदा तिन वटै स्थानीय तहहरु सँग भगिनी सम्बन्ध कायम गर्ने सर्वसम्मत निर्णय गरियो साथै आगामी कार्यक्रमको व्यवस्था मिलाउनका लागि कार्यालयलाई निर्देशन दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

फोहरमैला व्यवस्थापनको लागि बोतल कलेक्टर व्यवस्थापन गर्ने र होर्डिङ्ग बोर्ड व्यवस्थापन गर्ने सम्बन्धी ।

**निर्णय नं. ६ :-**

गाउँ कार्यपालिकाको कार्यालयबाट स्वीकृत कार्यक्रम बमोजिम तयार भएको ११ थान बोतल कलेक्टर र २१ थान होर्डिङ्ग बोर्ड तपसिल बमोजिमका स्थानहरुमा राख्ने सर्वसम्मत निर्णय गरियो साथै बोतल कलेक्टर र होर्डिङ्ग बोर्ड नपुग भएमा आवश्यकता पहिचान गरी आगामी गाउँ कार्यपालिकाको बैठकमा

निर्णय प्रमाणित ।
०८१।१०।२८

पेश गर्ने र तपसिल बमोजिम बोतल कलेक्टर र होडिङ्ग बोर्ड जडानको लागि लाग्ने खर्चको भुक्तानी फोहर मैला व्यवस्थापन शिर्षकबाट गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :-

| क्र.सं. | जडान गर्ने स्थान | बोतल कलेक्टर थान | सूचना मुलक होर्डङ्ग बोर्ड थान | कैफियत |
|---|---|---|---|---|
| १ | पर्यटन प्रहरी र एक्यापको चेक पोईन्ट, जोमसोम, ४ नं. वडा (जनहित मा.वि. नजिक) | १ | १ | |
| २ | पर्यटन सूचना केन्द्र (कालीगण्डकी पक्की पुल नजिक) | १ | १ | |
| ३ | गणेश मन्दिरको तल पट्टी मुल बाटोमा प्रस्तावित यात्रु प्रतिक्षालय | १ | १ | |
| ४ | श्री कुल बहादुर थकालीको घरको पारी पट्टीको खाली जग्गामा (कालीगण्डकी नदी तर्फ) | १ | १ | |
| ५ | पुथाङको प्रस्तावित यात्रु प्रतिक्षालय | १ | १ | |
| ६ | पुथाङ एक्लेभाट्टी चेक पोईन्ट | १ | १ | |
| ७ | स्याङ पक्की पुल नजिक | १ | १ | |
| ८ | मार्फा गाउँको तल्लो र माथिल्लो गेट १/१ | २ | २ | |
| ९ | सामाग्री | १ | १ | |
| १० | ढुम्बा ताल | १ | १ | |
| ११ | ठिनी गाउँ | १ | १ | |
| १२ | चिमाङ गाउँ | १ | १ | |
| १३ | छैरो गाउँ | १ | १ | |
| १४ | स्याङ माथिल्लो गाउँ | १ | १ | |
| १५ | बाँकि रहेका होर्डिङ्ग बोर्डहरु आवश्यकता बमोजिम जडान गर्ने । | | | |

**प्रस्ताव नं. ७ :-**

प्लास्टिकका झोला प्रयोग सम्बन्धी ।

**निर्णय नं. ७ :-**

यस घरपझोङ गाउँपालिका क्षेत्र भित्र प्लास्टिकका झोलाहरुको प्रयोगलाई न्यूनिकरण गर्दै जाने क्रममा यस धरपझोङ गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, संरक्षण क्षेत्र कार्यालय जोमसोमको आर्थिक सहयोगमा विभिन्न समयमा पून: प्रयोग गर्न मिल्ने झोलाहरु अनुदानमा वितरण भईरहेकोमा यस कार्यक्रमलाई अझै सशक्त रुपमा अगाढी बढाउनका लागि आगामी २०८२ साल बैशाख १ गते देखि न्युनतम् ४० माईक्रोन भन्दा कमका प्लास्टिकका झोलाहरुको प्रयोगमा पूर्ण रुपमा रोक लगाउने सर्वसम्मत निर्णय गरियो साथै गाउँपालिका र सबै वडाहरुले आवश्यक प्रचार प्रसार र सूचना संप्रेषण

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

गरिदिने र २०८२ साल बैशाख १ गते देखि ४० माईक्रोन भन्दा कम मोटाईका प्लास्टिकका झोलाहरु प्रयोग गरिईएको पाईएमा कानून बमोजिम कार्यवाही र जरिमाना गरिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

तिन गाउँले थकालीको त्युङ्ला पर्वको अवसरमा सार्वजनिक बिदा दिने सम्बन्धी ।

**निर्णय नं. ८ :-**

यस घरपझोङ गाउँपालिका अन्तर्गतका तिन गाउँले थकालीहरुको मुख्य चाडपर्वको रुपमा रहेको त्युङ्ला पर्व बार्षिक रुपमा स्थानीय तिथिको आधारमा मनाईने हुँदा त्युङ्ला पर्वको तिथि परेको दिनमा हरेक वर्ष सार्वजनिक बिदा दिने सर्वसम्मत निर्णय गरियो साथै यस बर्ष २०८१।१०।३० गते बुधवारका दिन त्युङ्ला पर्वको तिथि परेकोले उक्त दिन अतिआवश्यक सेवा प्रवाहमा असर नपर्ने गरी १ दिन सार्वजनिक बिदा दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

कुकुर बन्ध्याकरणमा भएको खर्च सम्बन्धी ।

**निर्णय नं. ९ :-**

यस गाउँपालिका क्षेत्र भित्र छाँडा कुकुरहरुको आतङ्कलाई न्यूनिकरण गर्दै जानका लागि कुकुहरुको संख्यालाई कम गर्दै जाने क्रममा गत आ.ब. देखि विभिन्न सरोकारवालाहरु सँगको सहकार्यमा कुकुरहरुको बन्ध्याकरण शिविर सञ्चालन गरिएकोमा कुकुरहरुको संख्यामा केही कमी आएको देखिएको हुँदा यस आ.ब.मा समेत उक्त शिविर सञ्चालन भई सकेको र उक्त शिविर सञ्चालन गर्दा कुल रु.९८,७५०।- खर्चलाई अनुमोदन गरियो र विनियोजित रकम रु.८०,०००।- मा रु.१८,७५०।- नपुग भएको रकम अन्य कार्यक्रम खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १० :-**

LISA मा प्राप्त गरेको अंक अनुमोदन गर्ने सम्बन्धी ।

**निर्णय नं. १० :-**

यस गाउँपालिकाले गत आ.ब. २०७९।८० मा सम्पादन गरेका कामको आधारमा LISA मा यस बर्ष प्राप्त गरेको ८० अंकलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो साथै गाउँपालिकाको कार्यसम्पादनको क्षमता तथा गुणस्तरलाई अझै बढाउदै लाने र LISA मा अझै बढी अंक प्राप्त गर्ने तर्फ कार्य गर्न कार्यालयलाई निर्देशन दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

अध्ययन अवलोकन भ्रमणको खर्च अनुमोदन गर्ने सम्बन्धी ।

**निर्णय नं. ११ :-**

गाउँपालिकाको चालु आ.ब. को स्वीकृत बार्षिक अवलोकन भ्रमण कार्यक्रम अनुसार यस बर्ष गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुको टोलीले नेपालका पूर्व क्षेत्रका केही स्थानीय तहहरुको

निर्णय प्रमाणित ।
०८१।१०।२८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल

अवलोकन अध्ययन भ्रमण, छलफल कार्यक्रमका साथै पर्यटन क्षेत्रमा भएको विकासका कार्यहरुको अध्ययन अवलोकन भ्रमण यही २०८१।९।१३ गते देखि ऐ.ऐ. २० गते सम्म सम्पन्न भयो उक्त कार्यक्रममा भएको कुल खर्च रु.५,७०,५०५।- लाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

जोमसोम स्थित मुस्ताङ एफ.एम.को भवन संरक्षण गर्ने सम्बन्धी ।

**निर्णय नं. १२ :-**

यस गाउँपालिका ४ नं. वडा जोमसोममा विगतमा सञ्चालन भई हाल सञ्चालनमा नरहेको मुस्ताङ एफ.एम.को नमुना भवन हाल जिर्ण अवस्थामा रहेको साथै उक्त भवनमा रहेका सबै प्रकारका उपकरण तथा सामाग्रीहरु तोडफोड भएको र भवनको झ्याल, ढोका, सीसाहरु, शौचालयहरु समेत तोडफोड भई अति जीर्ण अवस्थामा रहेकोले उक्त भवनलाई संरक्षण गर्नु पर्ने देखिएको हुँदा भवनको हालको अवस्थाको मुचुल्का गराई गाउँपालिकाको मातहतमा ल्याउने र भवनको संरक्षणको लागि गाउँपालिकाले पहल गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १३ :-**

गाउँपालिकाबाट निर्मित पूर्वाधारहरुको प्रचार प्रसार तथा उद्घाटन गर्ने सम्बन्धी ।

**निर्णय नं. १३ :-**

यस घरपझोङ गाउँपालिकाबाट विभिन्न समयमा निर्माण कार्य सम्पन्न भएका पूर्वाधारहरु जस्तै वडा कार्यालय भवनहरु, स्वास्थ्य संस्थाका भवनहरु, एयरपोर्टको मुख्य गेट, स्मार्ट शौचालय, सूचना केन्द्र भवन, मातृचक्र, काठेपुल र अन्य पुलहरु, ठिनी म्यूनियम, साउनाबात लगायतका अन्य सार्वजनिक महत्वका पूर्वाधारहरुको उद्घाटनका साथै प्रचार प्रसार समेत गर्नु पर्ने भएको हुँदा कार्यालयले आवश्यक व्यवस्था मिलाउनका लागि निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १४ :-**

बेरोजगार दर्ता शिविर सञ्चालन गर्ने सम्बन्धी ।

**निर्णय नं. १४ :-**

यस घरपझोङ गाउँपालिका क्षेत्र भित्र बेरोजगारहरुको दर्ता प्रकृयालाई अझै व्यवस्थित र यथार्थपरक बनाउनका लागि सम्बन्धित वडाहरु सँग समन्वय गरी बेरोजगार दर्ता शिविर सञ्चालन गर्ने र यसको पहल कार्यालयमा रहेको रोजगार सेवा केन्द्रले गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित ।

०८१।१०।२८

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोमसोम, मुस्ताङ
गण्डकी प्रदेश, नेपाल